नेपाल सरकार

कृषि, वन तथा पर्यावरण मन्त्रालय

# राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

## कार्यक्रम कार्यान्वयन एकाइ

वीरेन्द्रनगर, सुर्खेत

## कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

**सूचना नं. २/२०८३/८४**

**(प्रथम पटक प्रकाशित मितिः २०८३/०४/२९)**

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, सुर्खेतको चालु आ.व. ०८३।८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमको **कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम** संचालन गर्नुपर्ने भएकाले कृषि, वन तथा पर्यावरण मन्त्रालयबाट स्वीकृत **कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८२** बमोजिम योग्यता पुगेका इच्छुक कृषि उद्यमीहरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन भित्र अर्थात् **(मिति २०८३/०५/१८ गते भित्र)** यस कार्यक्रम कार्यान्वयन एकाइमा सूचीकृत भई अनुसूची-२ अनुसारको ढाँचामा आवेदन तथा अनुसूची-३ अनुसारको ढांचामा कार्यक्रम संचालन सम्बन्धी प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ।

तपसिल

| संचालन हुने कार्यक्रमको नाम | लक्षित लाभग्राही | कार्यक्रमको संचालन हुने क्षेत्र | कार्यक्रम संचालन गर्न सकिने बाली/वस्तु क्रियाकलापहरु | अनुदान रकम तथा भुक्तानी प्रक्रिया |
|---|---|---|---|---|
| कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम | कृषि उद्यमी वा १६ देखि ४० वर्ष उमेर समूहभित्रका यूवा कृषक | सुर्खेत र दैलेख जिल्लाभरी | कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८२ को दफा ४ मा उल्लेख भए बमोजिम | प्रस्तावको कूल लागतको बढीमा ५० प्रतिशत वा चार लाख रुपैयाँ मध्ये जुन कम हुन्छ सोही रकम अनुदान स्वरुप बैंक खातामा भुक्तानी गरिने। |

निवेदन साथ संलग्न हुनुपर्ने कागजातहरु

(१) कार्यक्रम संचालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव।

(२) निवेदकको व्यक्तिगत तथा तिनपुस्ते विवरण खुल्ने कागजातहरु (नागरिकताको प्रतिलिपि)।

(३) कार्यक्रम संचालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसंग कम्तीमा ५ वर्ष र प्रशोधन तथा भण्डारणसंग सम्बन्धित संरचना निर्माणतर्फ कम्तीमा १० वर्षका लागि गरिएको सम्झौतापत्रको प्रतिलिपि)।

(४) उद्यम वा व्यवसाय दर्ता भएको भएमा सम्बन्धित कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०८१/८२ सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोवार सम्बन्धी अन्य कागजातहरु।

(५) स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि।

(६) समूह/सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित समूह/सहकारी संस्थाको सिफारिस पत्र।

**नोटः**

(१) सूचीकृत तथा प्रस्ताव आवेदनसंग सम्बन्धित फारामहरु कार्यक्रम कार्यान्वयन एकाइको कार्यालय, वीरेन्द्रनगर, सुर्खेत/ सम्पर्क कार्यालय, घोडावास, दैलेख/बाबियाचौर, सुर्खेत र जोन प्राविधिक एकाइ, दुल्लु, दैलेख वा कार्यालयको वेबसाईटबाट निःशुल्क लिन सकिने छ।

(२) कार्यक्रम बारे थप जानकारीहरुका लागि कार्यालयको वेबसाईट (www.piusurkhet.pmamp.gov.np) मा राखिएको **"कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८२"** अध्ययन गर्नहुन जानकारी गराईन्छ।

थप जानकारी तथा आवश्यक सहजीकरणका लागिः

भिम पाण्डे, कृषि अधिकृत (सूचना अधिकारी): ९८५१२३०४५२

कविता शाही (सुर्खेत जिल्लाका लागि): ९८६६६५५२७६

विष्णु बहादुर खड्का (दैलेख जिल्लाका लागि): ९८४८११५१६२

स्वदेशी उत्पादनमा लगानी, आत्मनिर्भर कृषिको थालनी

कार्यालय प्रमुख